# नेपाल टेलिभिजन संस्थान
## <u>सिंहदरवार</u>

**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उप दफा (३) र नियमावलीको प्रयोजनका लागि**

**<u>नियम ३ बमोजिम ३/३ महिनामा अध्यावधिक गरी सार्वजनिक गर्नुपर्ने नेपाल टेलिभिजन संस्थान संग सम्बन्धीत बिवरणहरु</u>**

<u>(२०७७ कार्तिक- पुष महिनाको विवरण)</u>

### क. निकायको स्वरुप र प्रकृतिः

### १ नेपाल टेलिभिजन परिचय :-

नेपाल टेलिभिजन वि.सं.२०४१ साल माघ १७ गते परियोजनाका रुपमा शुरु भएको थियो । स्थापनाको एक वर्षभित्रै २०४२ साल मंसिर १७ गते यो संस्थानमा परिणत भयो । २०४२ साल पौष १४ गते बाट यसले आफ्नो नियमित प्रसारण प्रारम्भ गरेको हो । नेपाल टेलिभिजन संचार संस्थान ऐन २०२८ अन्तर्गत गठन भएको संस्थान हो । यसले राष्ट्रिय प्रसारण ऐन,२०४९ र राष्ट्रिय प्रसारण नियमावली,२०५२ का अधिनमा रही कार्यक्रम उत्पादन एवं प्रसारण गर्दे आएको छ ।

### १.२ ऐतिहासिक पृष्ठभूमिः-

वि.सं. २०२८ सालको संचार नीतिले नेपालमा टेलिभिजन प्रसारणको सम्भाव्यतावारे खोजी गर्ने उल्लेख गरेको थियो । सोही अनुरुप वि.सं.२०३७ सालमा गठित शाही प्रेस आयोगले टेलिभिजन स्थापना गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरी योजनाबद्ध रुपमा कार्य सञ्चालन गर्न सुझाब दियो । तिनै सुझाव र मुलुको संस्कृतिको संरक्षण र सम्बर्धन गर्दै सामाजिक, राजनीति र आर्थिक विकासमा सघाउ पुर्याउने ध्येयकासाथ नेपाल टेलिभिजनको स्थापना भएको हो ।

### ख. नेपाल टेलिभिजनको काम, कर्तव्य र अधिकार :-

**संस्थानको स्थापनाको उद्देश्यः-** अन्तर्राष्ट्रिय प्रविधिको विकास र समयको बढ्दो मागलाई दृष्टिगत गरी टेलिभिजन प्रसारणको माध्यमद्वरा नेपालको साँस्कृतिक सम्पदा, प्राकृतिक स्रोतको संरक्षण र राष्ट्रिय हितको विकास गर्नको लागि नेपालमा टेलिभिजन प्रसारणलाई सुचारु रुपले सञ्चालन र बिस्तार गरी जनमानसमा राष्ट्रिय चेतनाको अभिबृद्दि गर्नु ।

**(संस्थानको काम कर्तब्य)** नेपाल राजपत्र खण्ड ३६, (संख्या १३) असार २३, २०४३

(१) ब्यवसायीक सिद्दान्तको अनुशरण गरी राज्यभर टेलिभिजन सेवा पुर्याउनु यस संस्थानको कर्तब्य हुनेछ ।

(२) सञ्चार संस्थान ऐन, २०२८ को अधिनमा रही संस्थानले निम्नलिखित कार्यहरु गर्न सक्नेछ ।

क) आत्मनिर्भरता हासिल गर्न सचेष्ट हुने ।

ख) टेलिभिजन सेवाको स्तर बढाउन संस्थानको कार्य सञ्चालनमा सुधार ल्याउने।

ग) संस्थानको ब्यावसायिक कार्यक्रमको प्रवर्द्धन गर्ने ।

घ) नेपाल सरकारबाट प्राप्त निर्देशनको अधिनमा रही संस्थानको नीति निर्धारण गर्ने र त्यसको कार्यान्वयनका लागि आवश्यक कदम उठाउने ।

ङ) नेपाल राज्यको सबै ठाँउमा टेलिभिजन कार्यक्रम प्रसारण हुने आवश्यक ब्यवस्था मिलाउने ।

**नेपाल टेलिभिजनका च्यानलहरुको छोटकरी परिचय**

**१ नेपाल टेलिभिजन (राष्ट्रिय प्रसारण)**

नेपाल टेलिभिजनको स्थापना परियोजनाको रुपमा २०४१ माघ १७ गते भएको हो ।नेपाल टिलिभजनको पहिलो च्यानलको रुपमा यसले २०४२ साल साउन २९ गते सफल परीक्षण प्रसारण गरेको र २०४२ साल पुस १४ गते नियमित प्रसारण आरम्भ गरेको हो ।तत्कालीन सरकारले २०४३ असार २३ गते राजपत्रमा सूचना प्रकाशन गरी संञ्चार संस्थान ऐन, २०२८ को दफा ३(१) अनुसार नेपाल टेलिभिजन संस्थानको गठन गरेको थियो ।हाल नेपाल टेलिभिजनको राष्ट्रिय प्रसारण २४ सै घण्टा HD प्रणालीमा प्रसारण भइरहेको छ ।

**२ एनटीभी प्लस**

नेपाल टेलिभिजनको दोस्रो च्यानल NTV Plus २०६० साल असोज १० गते एनटीभी मेट्रोको नाममा दैनिक डेढ घण्टा प्रसारण गर्दै आरम्भ भएको थियो । स्थापनाकाल देखिनै स्वस्थ मनोरञ्जन, खेलकूद र युवा चासोका विषयवस्तुलाई प्राथमिकता दिँदै आएको छ । कोभिड १९ को विशेष सामग्री स्वस्थ जीवन, भर्चुयल शिक्षण कार्यक्रम पछिल्लो समयमका बढी लोकप्रिय कार्यक्रम हुन्। हाल यो च्यानल २४ सै घण्टा HD प्रणालीमा प्रसारण भइरहेको छ ।

**३ एनटीभी न्यूज च्यानल**

नेपाल टेलिभिजनको तेस्रो च्यानल समाचार च्यानलका रुपमा २०७१ साल कार्तिक १ गते शुरु भएको हो । यस च्यानलले दर्शकलाई आधिकारिक, सत्य र विश्वसनीय सूचना, समाचार हरेक घण्टैपिच्छे जानकारी गराउने तथा समसामयिक विषयवस्तुमा आधारित विषयवस्तुको विश्लेषण र समसामयिक विषयका टक शोहरुलाई प्राथमिकता दिएको छ ।हाल यो च्यानल २४ घण्टा HD प्रणालीमा प्रसारण भइरहेको छ ।

**४ एनटीभी कोहलपुर च्यानल**

नेपाल टेलिभिजनको केन्द्रीय प्रसारणले मात्रै सबै देशको भूगोल र जनसंख्या समेट्न नसक्ने भएकोले प्रदेश नम्बर ५ बाँकेको कोहलपुरमा नेपाल टेलिभिजनको क्षेत्रीय प्रसारणका रुपमा कोहलपुर च्यानल २०५३ सालमा स्थापना भएको हो । तत्कालीन नेकपा माओवादीद्वारा २०६१ फागुन १३ मा आक्रमण गरिएपछि बन्द रहेको उक्त प्रसारण केन्द्र २०७४ वैशाख १ गतेदेखि नियमित प्रसारणमा रहेको छ । तत्कालिन समयमा क्षेत्रीय अवधारणामा आधारित भइ स्थापित यस च्यानललाई हाल प्रदेश नम्बर ५, कर्णाली र सुदूरपश्चिम प्रदेश केन्द्रीत प्रादेशिक च्यानलमा रुपान्तरण गरि स्थानीय स्थानीय कला संस्कृतिको प्रवर्द्धन गर्दै सो क्षेत्रका सूचना तथा समाचार समेटी प्रसारण गर्दै आएको छ । हाल यो च्यानल २४ घण्टा HD प्रणालीमा प्रसारण भइरहेको छ ।

**५. एनटीभी इटहरी च्यानल**

नेपाल टेलिभिजनको पाँचौं च्यानलको रुपमा २०७६ माघ १७ गतेदेखि औपचारिक रुपमा इटहरी च्यानलको प्रसारण शुरु भएको हो। यो च्यानलको कार्यालय पूर्वी नेपालको प्रदेश नम्बर १ को इटहरीमा रहेको छ। यस च्यानलले प्रदेश नम्बर १ र २ को दर्शकहरुको सूचना र मनोरञ्जनको आवश्यकतालाई मध्यनजर गर्दै यहाँको जनजीवन, भूगोल, कलासंस्कृति, भौतिक एवं सामाजिक विकासका गतिविधिलाई समेटेर सामग्रीहरु उत्पादन र प्रसारण गर्ने गर्दछ। यो च्यानल २४ घण्टा HD प्रणालीमा प्रसारण भइरहेको छ र स्थापनाको छोटो अवधिमै दर्शकहरुको मन जित्न सफल भई लोकप्रिय च्यानलको रुपमा स्थापित भएको छ। यस च्यानलले कोभिड १९ सम्बन्धि जनचेतनामूलक सन्देशहरु लिम्बू, बान्तवा राई, मैथिली, थारु, राजवंशी, नेपाली र सांकेतिक भाषमा पनि प्रसारण गर्दै आएको छ।

## ६. Digital Platform मा नेपाल टेलिभिजन

डिजिटल माध्यमहरुमा आफ्नो खासै उपस्थिति जनाउन नसकिरहेको नेपाल टेलिभिजनले पछिल्लो समयमा उल्लेखनीय रुपमा फड्को मारेको छ। जसको परिणाम स्वरुप इन्टरनेट सुविधा भएका संसारका जुनसुकै स्थानमा नेपाल टेलिभिजनका सबै च्यानलहरुको लाइभस्ट्रिमका साथै समाचार र कार्यक्रमहरु आफ्नो अनुकुलता अनुसार हेर्न सकिने भएको छ।

नेपाल टेलिभिजनको Digital Platform अन्तर्गत Mobile App, Facebook Page, You Tube Channel, Twitter, News site औपचारिक तथा व्यवस्थित रुपमा २०७६ माघ २० बाट शुरु गरिएको हो । Digital Platform सञ्चालन सम्बन्धी कार्यदल गठन भएर कार्यदलले नियमित कार्य गर्दै आएको छ । हाल Digital Platform का माध्यमद्वारा दर्शकदीर्घा माझ नेपाल टेलिभिजनको उपस्थिति बलियो हुँदै गएको छ ।

### ६.१ मोवाइल एप (Mobile Apps)

नेपाल टेलिभिजनको मोवाइल एप मार्फत् यसका ५ वटै च्यानलहरु इन्टरनेटको पहुँच भएको संसारको कुनै पनि ठाउँबाट प्रत्यक्ष हेर्न सकिन्छ ।साथै, विभिन्न कार्यक्रमहरु तथा समाचार पनि हेर्न तथा समाचारहरू पढ्न सकिन्छ । नेपाल टेलिभिजनको मोवाइल एप Google Play Store तथा Apple App Store बाट डाउनलोड गरी हेर्न सकिन्छ ।

### ६. २ अनलाइन समाचार पोर्टल (Online News Portal)

नेपाल टेलिभिजनको समाचार प्रसारण र विभिन्न माध्यमहरुको प्रयोग गरी यसको दायरा विस्तार गर्ने र घटनाक्रमहरुलाई अनलाइन मार्फत तत्कालै विश्वभर रहेका नेपाल टेलिभिजनका दर्शकहरुलाई सुसूचित गराउने उद्धेश्य र योजना अनुरुप संस्थानको अनलाइन समाचार पोर्टललाई पुनर्संरचना गरी छुट्टै अनलाइन समाचार पोर्टल nepaltvonline.com सञ्चालनमा ल्याइएको छ । नेपाल टेलिभिजनको अनलाइन समाचार पोर्टलमार्फत् आधिकारिक तथा विश्वसनीय समाचार इन्टरनेट पहुँच भएको संसारको सबै ठाउँबाट पढ्न र हेर्न सकिन्छ । पछिल्लो समय विश्वभर सञ्चारमाध्यमहरु Integrated Media को अभ्यासमा अग्रसर छन् । नेपाल टेलिभिजनले पनि यो अभ्यासलाई आत्मसात गर्दै जाने अभियान स्वरुप अनलाइन पोर्टललाई विकास गरिरहेको छ ।

### ६. ३ वेवसाइट (Website)

नेपाल टेलिभिजनको प्रशासनिक एवम् व्यवस्थापकीय क्रियाकलापको पारदर्शिता र तत् सम्वन्धी आधिकारिक सूचना प्रवाहका लागि बेग्लै कर्पोरेट साइट ntv.org.np सञ्चालनमा ल्याइएको छ । यसलाई इन्टरनेट पहुँच भएको संसारको सबै ठाउँबाट पढ्न र हेर्न सकिन्छ ।

### ६. ४ फेसबुक पेज ( Facebook Page)

नेपाल टेलिभिजनले सोसल मिडियामा आफ्नो पहुँच विस्तार गर्ने क्रममा फेसबुक पेज www.facebook.com/neptv2041 संचालनमा ल्याएको छ । नेपाल टेलिभिजनको फेसबुक पेज मार्फत् समाचार लगायत महत्वपूर्ण कार्यक्रमहरु हेर्न सकिन्छ ।

### ६.५ युट्युब पेज ( YouTube Page)

नेपाल टेलिभिजनको युट्युब च्यानल www.yotube.com/nepaltelevision मार्फत् नेपाल टेलिभिजनका सबै कार्यक्रमहरु इन्टरनेट पहुँच भएको संसारको सबै ठाउँबाट आफुले चाहेको समयमा हेर्न सकिन्छ ।

## ग. निकायमा रहने पदाधिकारी/ कर्मचारी संख्या र कार्य विवरण:-

| विवरण | स्वीकृत दरबन्दी संख्या | पूर्ति दरबन्दी संख्या | पूर्तिहुन बाँकी दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|
| स्थायी | ४३४ | २८९ | १४५ | |

| क्र.सं | नाम | पद |
|---|---|---|
| १ | डा. महेन्द्र विष्ट | कार्यकारी अध्यक्ष |
| २ | श्री गोविन्द रोका | महाप्रवन्धक |
| ३ | श्री विष्णुराम न्यौपाने | नायव महाप्रबन्धक (प्रशासन) |
| ४ | श्री रामेश्वर शुक्ल | नि. नायव महाप्रबन्धक निर्देशक (वि.) |

| | | |
|---|---|---|
| ५ | श्री आरती चटौत | नि. नायव महाप्रबन्धक निर्देशक (का.) |
| ६ | श्री चिन्तामणि बराल | निर्देशक |
| ७ | श्री मनोहरि थापा | निर्देशक |
| ८ | श्री सुरज थापा | निर्देशक |
| ९ | श्री राजकुमार थापा | निर्देशक |
| १० | डा. टङ्कप्रसाद उप्रेती | नि.निर्देशक |
| ११ | श्री महाप्रसाद लामिछाने | प्रमुख समाचार सम्पादक |
| १२ | श्री पुरुषोत्तम महर्जन | प्रमुख प्रशासन अधिकृत |
| १३ | श्री उत्तम सिलवाल | प्रमुख क्यामराम्यान |
| १४ | श्री रविन्द्र घिमिरे | प्रमुख निर्माता |
| १५ | श्री पवनकुमार माण्डव्य | प्रमुख लेखा अधिकृत |
| १६ | श्री पुष्पहरि क्याम्पाराई | प्रमुख समाचार सम्पादक |
| १७ | श्री रविन्द्रराज पराजुली | प्रमुख इञ्जिनियर |
| १८ | श्री रेवन्तबहादुर ओली | प्रमुख समाचार सम्पादक |
| १९ | श्री मुकेश श्रेष्ठ | प्रमुख क्यामराम्यान |
| २० | श्री विजयकुमार वर्मा | प्रमुख निर्माता |
| २१ | श्री रोशनादेवी तुलाधर | प्रमुख दृश्य सम्पादक |
| २२ | श्री नीता सापकोटा | प्रमुख निर्माता |
| २३ | श्री ओमप्रकाश श्रेष्ठ | कार्यकारी इञ्जिनियर |
| २४ | श्री मोहनकुमार घिमिरे | कार्यकारी क्यामराम्यान |
| २५ | श्री हरिप्रसाद भण्डारी | कार्यकारी इञ्जिनियर |
| २६ | श्री सुरेशराज मानन्धर | कार्यकारी क्यामराम्यान |
| २७ | श्री उमेशप्रसाद लोहनी | कार्यकारी स्टुडियो निर्माता |
| २८ | श्री बरुणकुमार सिंह | कार्यकारी इञ्जिनियर |
| २९ | श्री रामवावु अधिकारी | कार्यकारी ध्वनि नियन्त्रक |
| ३० | श्री राजेन्द्रराज तिमिल्सिना | कार्यकारी समाचार सम्पादक |
| ३१ | श्री गजुरधन राई | कार्यकारी समाचार सम्पादक |
| ३२ | श्री जनकप्रसाद खनाल | कार्यकारी प्रशासन अधिकृत |
| ३३ | श्री ऋषिराम भन्तना | कार्यकारी लेखा अधिकृत |
| ३४ | श्री अशोककुमार घिमिरे | कार्यकारी व्यापार प्रवर्धक |

| | | |
|---|---|---|
| ३५ | श्री सम्झना कर्माचार्य | कार्यकारी दृश्य समपादक |
| ३६ | श्री विजेन्द्रप्रसाद गुप्ता | कार्यकारी इञ्जिनियर |
| ३७ | श्री रामप्रसाद भण्डारी | कार्यकारी समाचार सम्पादक |
| ३८ | श्री नीराजन खनाल | कार्यकारी समाचार सम्पादक |
| ३९ | श्री सुनिलकुमार श्रेष्ठ | कार्यकारी इञ्जिनियर |
| ४० | श्री सदेशराम चौधरी | कार्यकारी प्रशासन अधिकृत |
| ४१ | श्री योगराज पौडेल | कार्यकारी लेखा अधिकृत |
| ४२ | श्री मिश्रीलाल यादव | कार्यकारी सम्पादक |
| ४३ | श्री अनिल बिष्ट | कार्यकारी ध्वनि नियन्त्रक |
| ४४ | श्री श्याम ढकाल | कार्यकारी प्रशासन अधिकृत |
| ४५ | श्री अरविन्द आचार्य | कार्यकारी क्यामराम्यान |
| ४६ | श्री सुरेन्द्रबहादुर बस्नेत | कार्यकारी व्यापार प्रवर्धक |
| ४७ | श्री बसन्तकुमार रुपाखेती | कार्यकारी क्यामराम्यान |
| ४८ | श्री दीपक आचार्य | कार्यकारी निर्माता |
| ४९ | श्री गोपालप्रसाद दाहाल | इञ्जिनियर |
| ५० | श्री इन्द्रबन्धु पोखरेल | इञ्जिनियर |
| ५१ | श्री मनोजकुमार चौधरी | इञ्जिनियर |
| ५२ | श्री सुरेन्द्रकुमार कर्ण | इञ्जिनियर |
| ५३ | श्री पुरुषोतम घिमिरे | वरिष्ठ क्यामराम्यान |
| ५४ | श्री रामचन्द्र साह | इञ्जिनियर(मेकानिकल) |
| ५५ | श्री नीरज साउद | वरिष्ठ समाचार सम्पादक |
| ५६ | श्री शोभा श्रेष्ठ | बरिष्ठ समाचार सम्पादक (अंग्रेजी) |
| ५७ | श्री गोविन्द धिताल | वरिष्ठ समाचार सम्पादक |
| ५८ | श्री शालीग्राम सुवेदी | वरिष्ठ समाचार सम्पादक |
| ५९ | श्री राजेन्द्रप्रसाद यादव | इञ्जिनियर |
| ६० | श्री दुर्गानाथ सुवेदी | वरिष्ठ समाचार सम्पादक |
| ६१ | श्री जोगरत्न शाक्य | वरिष्ठ दृश्य समपादक |
| ६२ | श्री रमेश मिश्र | वरिष्ठ प्रशासन अधिकृत |
| ६३ | श्री रविचन्द्र पराजुली | वरिष्ठ समाचार सम्पादक |
| ६४ | श्री चुडामणि नेपाल | वरिष्ठ समाचार सम्पादक |

| | | |
|---|---|---|
| ६५ | श्री रामचन्द्र लोहार | वरिष्ठ ध्वनि नियन्त्रक |
| ६६ | श्री सुदीप बुढाथोकी | वरिष्ठ क्यामराम्यान |
| ६७ | श्री जमुनादेवी भट्टराई | वरिष्ठ लेखा अधिकृत |
| ६८ | श्री बद्रीकाजी गुरुङ | वरिष्ठ समाचार सम्पादक |
| ६९ | श्री रामकिसुन महतो | इञ्जिनियर |
| ७० | श्री हरिगोविन्द श्रेष्ठ | बरिष्ठ दृश्य समपादक |
| ७१ | श्री आलोककुमार तिवारी | बरिष्ठ ध्वनि नियन्त्रक |
| ७२ | श्री सुरेन्द्रराज वाँनिया | बरिष्ठ प्रशासन अधिकृत |
| ७३ | श्री बद्रीकुमार गौतम | बरिष्ठ समाचार सम्पादक |
| ७४ | श्री अनिता बिन्दू | बरिष्ठ समाचार सम्पादक |
| ७५ | श्री हजारी चन्द | बरिष्ठ प्रशासन अधिकृत |
| ७६ | श्री जीवबहादुर थापा | बरिष्ठ लेखा अधिकृत |
| ७७ | श्री अर्जुनकुमार बटाला | इञ्जिनियर |
| ७८ | श्री दीपकजङ्ग हमाल | वरिष्ठ दृश्य सम्पादक |
| ७९ | श्री दीपराज बस्नेत | ईन्जिनियर ९सिभिल० |
| ८० | श्री शिवानी थापा | बरिष्ठ समाचार सम्पादक |
| ८१ | श्री देवीप्रसाद सापकोटा | बरिष्ठ समाचार सम्पादक |
| ८२ | श्री भोजराज बडु | बरिष्ठ ध्वनि नियन्त्रक |
| ८३ | श्री विश्वेश्वर पौडेल | इञ्जिनियर |
| ८४ | श्री शिक्षा भट्टराई | बरिष्ठ समाचार सम्पादक |
| ८५ | श्री टीका ढकाल | बरिष्ठ व्यापार प्रवर्धक |
| ८६ | श्री गंगाप्रसाद खतिवडा | बरिष्ठ प्रशासन अधिकृत |
| ८७ | श्री सुभद्रा गौतम | बरिष्ठ समाचार सम्पादक |
| ८८ | श्री अमित कुमार बर्मा | बरिष्ठ ध्वनि नियन्त्रक |
| ८९ | श्री टुयलकुमार अधिकारी | बरिष्ठ प्रशासन अधिकृत |
| ९० | श्री दिनेश पौडेल | बरिष्ठ लेखा अधिकृत |
| ९१ | श्री शंकरकुमार बुढाथोकी | बरिष्ठ क्यामराम्यान |
| ९२ | श्री प्रकाश महत | बरिष्ठ क्यामराम्यान |
| ९३ | श्री रमेश नागिला | बरिष्ठ प्रशासन अधिकृत |
| ९४ | श्री सन्तोष खड्का | बरिष्ठ दृश्य सम्पादक |

| | | |
|---|---|---|
| ९५ | श्री मोहनकुमार सिंह | बरिष्ठ दृश्य सम्पादक |
| ९६ | श्री हेमप्रसाद घिमिरे | बरिष्ठ लेखा अधिकृत |
| ९७ | श्री मधुकर महर्जन | प्रशासन अधिकृत |
| ९८ | श्री परमानन्द राय | दृश्य समपादक |
| ९९ | श्री रवि तुलाधर | क्यामराम्यान |
| १०० | श्री प्रदीपकुमार चापागाई | समाचार सम्पादक |
| १०१ | श्री लक्ष्मीप्रकास श्रेष्ठ | प्रशासन अधिकृत |
| १०२ | श्री रामेश्वरप्रसाद धामी | प्रशासन अधिकृत |
| १०३ | श्री सरस्वती शर्मा | दृश्य समपादक |
| १०४ | श्री रमेश महर्जन | आर्टिष्ट |
| १०५ | श्री सुधीरकुमार मिश्र | क्यामराम्यान |
| १०६ | श्री कृष्णहरि वखुन्छे | अधिकृत टाइपिष्ट |
| १०७ | श्री दुर्गानन्द प्रसाद गुप्ता | प्रशासन अधिकृत |
| १०८ | श्री चन्दनविक्रम शाह | कम्प्युटर अधिकृत |
| १०९ | श्री दिलीपकुमार श्रेष्ठ | लेखा अधिकृत |
| ११० | श्री प्रशान्त कुथु | प्राविधिक अधिकृत |
| १११ | श्री दीपकराज श्रेष्ठ | आर्टिष्ट |
| ११२ | श्री सुस्मिताकुमारी आचार्य | अधिकृत कम्प्युटर अपरेटर |
| ११३ | श्री मोहनसिंह महर्जन | प्राविधिक अधिकृत |
| ११४ | श्री प्रकाशकुमार मगर | प्राविधिक अधिकृत |
| ११५ | श्री टेकबहादुर खड्का | क्यामराम्यान |
| ११६ | श्री दिलीपकुमार सिंह | स्टूडियो निर्माता |
| ११७ | श्री ओमकारनाथ शुक्ल | प्राविधिक अधिकृत |
| ११८ | श्री संजयकुमार गुप्ता | प्राविधिक अधिकृत |
| ११९ | श्री सुरेन्द्र पौडयाल | समाचार सम्पादक |
| १२० | श्री विष्णुभक्त महर्जन | क्यामराम्यान |
| १२१ | श्री कुमार शर्मा | क्यामराम्यान |
| १२२ | श्री अनिता गिरी | प्राविधिक अधिकृत |
| १२३ | श्री पराजन के.सी. | प्राविधिक अधिकृत |
| १२४ | श्री पूजा श्रेष्ठ | ध्वनि नियन्त्रक |

| | | |
|---|---|---|
| १२५ | श्री अनुप पौडेल | दृश्य सम्पादक |
| १२६ | श्री मधुकर विश्वकर्मा | कम्प्युटर अधिकृत |
| १२७ | श्री गोमादेवी श्रेष्ठ | अधिकृत टाइपिष्ट |
| १२८ | श्री राजेन्द्र पोखरेल | ध्वनि नियन्त्रक |
| १२९ | श्री लोकबहादुर खत्री | प्राविधिक अधिकृत |
| १३० | श्री अनन्त चालिसे | क्यामराम्यान |
| १३१ | श्री अशोककुमार बस्नेत | क्यामराम्यान |
| १३२ | श्री विवेक तिम्सिना | प्राविधिक अधिकृत |
| १३३ | श्री दिनेशप्रसाद सिंह | प्रशासन अधिकृत |
| १३४ | श्री राजेन्द्र पोखरेल | समाचार सम्पादक |
| १३५ | श्री केशवराज विष्ट | समाचार सम्पादक |
| १३६ | श्री छहरा दवाडी | समाचार सम्पादक |
| १३७ | श्री रोविन शर्मा (दाहाल) | क्यामराम्यान |
| १३८ | श्री विपिन कुमार झा | दृश्य सम्पादक |
| १३९ | श्री दामोदर गजुरेल | दृश्य सम्पादक |
| १४० | श्री प्रविन्द्रकुमार श्रीवास्तव | ध्वनि नियन्त्रक |
| १४१ | श्री जीवन काफले | प्रशासन अधिकृत |
| १४२ | श्री वरुणानन्द मल्लिक | प्राविधिक अधिकृत |
| १४३ | श्री विकासकुमार भट्टराई | प्रशासन अधिकृत |
| १४४ | श्री कल्पना बज्राचार्य | कम्प्युटर अधिकृत |
| १४५ | श्री अंजना शिल्पकार | निर्माता |
| १४६ | श्री सूचना भण्डारी | दृश्य सम्पादक |
| १४७ | श्री सलोजा दाहाल | समाचार सम्पादक |
| १४८ | श्री सरोज महर्जन | दश्य संग्रहलय अधिकृत |
| १४९ | श्री नवराज दाहाल | क्यामराम्यान |
| १५० | श्री शिवनारायण चौधरी | प्राविधिक अघिकृत |
| १५१ | श्री सुन्दरलाल चौधरी | प्राविधिक अधिकृत |
| १५२ | श्री उमेशहरि आचार्य | प्राविधिक अधिकृत |
| १५३ | श्री शिव पंगेनी | क्यामराम्यान |
| १५४ | श्री बाटिका राणा | दृश्य सम्पादक |

| | | |
|---|---|---|
| १५५ | श्री स्वेता थापा | ध्वनि नियन्त्रक |
| १५६ | श्री कविता ढुंगाना | लेखा अधिकृत |
| १५७ | श्री दिलीपकुमार ओझा | प्रशासन अधिकृत |
| १५८ | श्री तिलकबहादुर थापा | वरिष्ठ सहायक प्राविधिक |
| १५९ | श्री रमेश डंगोल | वरिष्ठ सहायक प्राविधिक |
| १६० | श्री लक्ष्मी प्रसाद भट्टराई | वरिष्ठ सहायक कम्प्युटर अपरेटर |
| १६१ | श्री रुद्रनाथ शुक्ल | वरिष्ठ सहायक क्यामराम्यान |
| १६२ | श्री सरोज शर्मा आचार्य | व.सहायक ध्वनि नियन्त्रक |
| १६३ | श्री खड्गबहादुर बस्नेत | व.सहायक ध्वनि नियन्त्रक |
| १६४ | श्री प्रदीप लुइंटेल | वरिष्ठ सहायक प्राविधिक |
| १६५ | श्री सुमितकुमार गुप्ता | वरिष्ठ सहायक प्राविधिक |
| १६६ | श्री प्रध्यूम्न मिश्र | वरिष्ठ सहायक क्यामराम्यान |
| १६७ | श्री सुरेन्द्र आचार्य | वरिष्ठ सहायक क्यामराम्यान |
| १६८ | श्री अनिता रिमाल | वरिष्ठ सहायक लेखा |
| १६९ | श्री सुजिता गिरी | वरिष्ठ सहायक कम्प्युटर अपरेटर |
| १७० | श्री विष्णु पन्थी | वरिष्ठ सहायक क्यामराम्यान |
| १७१ | श्री सूर्यप्रकाश पोखरेल | वरिष्ठ सहायक प्राविधिक |
| १७२ | श्री कपिल भट्टराई | वरिष्ठ सहायक प्राविधिक |
| १७३ | श्री अन्जनकुमार चौधरी | वरिष्ठ सहायक प्राविधिक |
| १७४ | श्री जयशंकर त्रिपाठी | वरिष्ठ सहायक प्राविधिक |
| १७५ | श्री प्रध्युम्न ढुंगेल | वरिष्ठ सहायक क्यामराम्यान |
| १७६ | श्री कृष्णबहादुर रजक | वरिष्ठ सहायक क्यामराम्यान |
| १७७ | श्री सानोकाजी श्रेष्ठ | वरिष्ठ सहायक प्राविधिक |
| १७८ | श्री अनुपकुमार घिमिरे | वरिष्ठ सहायक क्यामराम्यान |
| १७९ | श्री नवराज कार्की | वरिष्ठ सहायक प्रशासन |
| १८० | श्री प्रदिप बस्नेत | वरिष्ठ सहायक लेखा |
| १८१ | श्री नरेश खड्का | वरिष्ठ सहायक दृश्य सम्पादक |
| १८२ | श्री भोजबहादुर विश्वकर्मा | व.सहायक ध्वनि नियन्त्रक |
| १८३ | श्री शैलेन्द्रकुमार झा | वरिष्ठ सहायक प्राविधिक |
| १८४ | श्री रामकुमार थापा | वरिष्ठ सहायक क्यामराम्यान |

| | | |
|---|---|---|
| १८५ | श्री माया खत्री | वरिष्ठ सहायक प्रशासन |
| १८६ | श्री बमबहादुर खड्का | वरिष्ठ सहायक प्राविधिक |
| १८७ | श्री उमादत्त भट्ट | वरिष्ठ सहायक प्राविधिक |
| १८८ | श्री हेमबहादुर कार्की | वरिष्ठ सहायक प्रशासन |
| १८९ | श्री धुर्व थापा | वरिष्ठ सहायक क्यामराम्यान |
| १९० | श्री खिमबहादुर खत्री | वरिष्ठ सहायक प्रशासन |
| १९१ | श्री राजकुमार राउत | बरिष्ठ सहायक प्राविधिक |
| १९२ | श्री दीपक पराजुली | बरिष्ठ सहायक प्राविधिक |
| १९३ | श्री उज्जनारायण श्रेष्ठ | बरिष्ठ सहायक प्राविधिक |
| १९४ | श्री विनय शाह | बरिष्ठ सहायक प्राविधिक |
| १९५ | श्री रजनी शाक्य | बरिष्ठ सहायक लेखा |
| १९६ | श्री सनोज महर्जन | बरिष्ठ सहायक क्यामराम्यान |
| १९७ | श्री ममता कोइराला | बरिष्ठ सहायक क्यामराम्यान |
| १९८ | श्री विनिता रिजाल | बरिष्ठ सहायक क्यामराम्यान |
| १९९ | श्री राजेश थापामगर | बरिष्ठ सहायक क्यामराम्यान |
| २०० | श्री सुशिल अधिकारी | बरिष्ठ सहायक ध्वनि नियन्त्रक |
| २०१ | श्री सन्तोष सिंह | बरिष्ठ सहायक ध्वनि नियन्त्रक |
| २०२ | श्री विष्णुहरि कोइराला | वरिष्ठ सहायक दृश्य सम्पादक |
| २०३ | श्री ज्योती काफ्ले | वरिष्ठ सहायक दृश्य सम्पादक |
| २०४ | श्री लक्ष्मी गौतम | वरिष्ठ सहायक दृश्य सम्पादक |
| २०५ | श्री उमेशकुमार चौधरी | वरिष्ठ सहायक प्राविधिक |
| २०६ | श्री मेनुका राई थेवे | वरिष्ठ सहायक प्रशासन |
| २०७ | श्री मीना महर्जन | वरिष्ठ सहायक प्रशासन |
| २०८ | श्री कल्पना शर्मा | वरिष्ठ सहायक प्रशासन |
| २०९ | श्री सानु खड्का | वरिष्ठ सहायक दृश्य सम्पादक |
| २१० | श्री मुकेश चौधरी | वरिष्ठ सहायक दृश्य सम्पादक |
| २११ | श्री विनय देसार | वरिष्ठ सहायक क्यामराम्यान |
| २१२ | श्री गणेशबहादुर ढकाल क्षेत्री | वरिष्ठ सहायक प्राविधिक |
| २१३ | श्री विवेक कठायत | वरिष्ठ सहायक प्रशासन |

| | | |
|---|---|---|
| २१४ | श्री सदानन्द मल्लिक | वरिष्ठ सहायक प्राविधिक |
| २१५ | श्री पुष्पा खनाल | वरिष्ठ सहायक ध्वनी नियन्त्रक |
| २१६ | श्री राकेश चौधरी | वरिष्ठ सहायक प्राविधिक |
| २१७ | श्री कृष्णलोचन झा | वरिष्ठ सहायक सुरक्षा |
| २१८ | श्री शम्भूप्रसाद अधिकारी | वरिष्ठ सहायक प्रशासन |
| २१९ | श्री शिवराज वि.सी. | वरिष्ठ सहायक लेखा |
| २२० | श्री धनबहादुर खड्का | बरिष्ठ सहायक प्राविधिक (ट्रा.अ.) |
| २२१ | श्री टीकाराम भण्डारी | बरिष्ठ सहायक प्राविधिक (ट्रा.अ.) |
| २२२ | श्री राममान श्रेष्ठ | बरिष्ठ सहायक प्राविधिक (ट्रा.अ.) |
| २२३ | श्री गौरव बोगटी | बरिष्ठ सहायक प्राविधिक (ट्रा.अ.) |
| २२४ | श्री अरविन्दकुमार यादव | बरिष्ठ सहायक प्राविधिक (ट्रा.अ.) |
| २२५ | श्री राजु क्षेत्री | बरिष्ठ सहायक प्राविधिक (ट्रा.अ.) |
| २२६ | श्री सुनिता शर्मा | बरिष्ठ सहायक प्राविधिक (ट्रा.अ.) |
| २२७ | श्री सन्ध्या पौडेल आचार्य | बरिष्ठ सहायक प्रशासन |
| २२८ | श्री करिश्मा कवर | बरिष्ठ सहायक प्रशासन |
| २२९ | श्री देवानसिंह पुन | बरिष्ठ सहायक प्रशासन |
| २३० | श्री प्रभा भण्डारी | बरिष्ठ सहायक लेखा |
| २३१ | श्री राजकुमार महत | सहायक सुरक्षा |
| २३२ | श्री लक्ष्मण रावल धामी | सहायक प्राविधिक (ट्रा.अ.) |
| २३३ | श्री डिल्लीराम माझी | सहायक प्राविधिक (ट्रा.अ.) |
| २३४ | श्री सूर्यबहादुर लामा | सहायक प्राविधिक (ट्रा.अ.) |
| २३५ | श्री घनश्याम कार्की | सहायक प्राविधिज्ञ(भिटिआर) |
| २३६ | श्री तरनारायण गच्छदार | सहायक प्राविधिक (ट्रा.अ.) |
| २३७ | श्री अनुप राई | सहायक प्राविधिक (ट्रा.अ.) |
| २३८ | श्री रामकला राना | सहायक प्राविधिक (ट्रा.अ.) |
| २३९ | श्री संजु शाह | सहायक प्राविधिक (ट्रा.अ.) |
| २४० | श्री रमेशकुमार माझी | सहायक प्राविधिक (ट्रा.अ.) |
| २४१ | श्री विद्याकान्त पण्डित | सहायक प्राविधिक (ट्रा.अ.) |
| २४२ | श्री सुमनकुमार श्रेष्ठ | सहायक प्राविधिक (ट्रा.अ.) |
| २४३ | श्री रोशी घिमिरे | सहायक प्राविधिक (ट्रा.अ.) |

| | | |
|---|---|---|
| २४४ | श्री गणेशवहादुर अधिकारी | सहायक सुरक्षा |
| २४५ | श्री भुमाकुमारी आर्चाय | सहायक प्रशासन |
| २४६ | श्री मिरादेवी अधिकारी | सहायक प्रशासन |
| २४७ | श्री पर्वत कार्की | सहायक लेखा |
| २४८ | श्री महेश निरौला | सहायक प्राविधिक (ट्रा.अ.) |
| २४९ | श्री भीमप्रसाद तिमिल्सिना | हेभी चालक (५) |
| २५० | श्री मदनकृष्ण श्रेष्ठ | चालक (५) |
| २५१ | श्री कमलप्रसाद गोतामे | चालक (५) |
| २५२ | श्री अशोककुमार वखती | चालक (४) |
| २५३ | श्री खिलकराज खड्का | हेभी चालक (३) |
| २५४ | श्री श्यामलाल थारु | चालक (२) |
| २५५ | श्री सूर्य भुजेल | चालक (२) |
| २५६ | श्री रमेश बस्नेत | चालक (२) |
| २५७ | श्री राजमान तामाङ | चालक ९१० |
| २५८ | श्री जीवन तामाङ | चालक ९१० |
| २५९ | श्री नामसारी महर्जन | हल्कारा (५) |
| २६० | श्री जीतेन्द्र डँगोल | हल्कारा (५) |
| २६१ | श्री प्रल्हाद विष्ट | कार्यालय सहयोगी (५) |
| २६२ | श्री वद्रीवहादुर देसार | कार्यालय सहयोगी (५) |
| २६३ | श्री रामबहादुर बरुवाल | कार्यालय सहयोगी (५) |
| २६४ | श्री काशीलाल महर्जन | कार्यालय सहयोगी (५) |
| २६५ | श्री श्रीराम विष्ट | कार्यालय सहयोगी (५) |
| २६६ | श्री कृष्णवहादुर श्रेष्ठ | कार्यालय सहयोगी (५) |
| २६७ | श्री दिनेशथापा मगर | कार्यालय सहयोगी (५) |
| २६८ | श्री राजु लोहनी | कार्यालय सहयोगी (५) |
| २६९ | श्री जोगीन्दर मंडल | कार्यालय सहयोगी (५) |
| २७० | श्री वृक्षा महरा | कार्यालय सहयोगी (५) |
| २७१ | श्री ध्यानी विश्वास | कार्यालय सहयोगी (५) |
| २७२ | श्री कर्णबहादुर थापा | कार्यालय सहयोगी (५) |
| २७३ | श्री नरहरि चपाईं | कार्यालय सहयोगी (५) |

| | | |
|---|---|---|
| २७४ | श्री विष्णुवहादुर कुमाल | कार्यालय सहयोगी (५) |
| २७५ | श्री उमा धिमाल | कार्यालय सहयोगी (५) |
| २७६ | श्री जगदीशप्रसाद लोनिया | कार्यालय सहयोगी (५) |
| २७७ | श्री देवेन्द्रप्रसाद फुयाल | कार्यालय सहयोगी (५) |
| २७८ | श्री ओमवहादुर खत्री | कार्यालय सहयोगी (५) |
| २७९ | श्री तुलसा चालिसे | कार्यालय सहयोगी (४) |
| २८० | श्री कृष्णबहादुर रावल | कार्यालय सहयोगी (३) |
| २८१ | श्री सरिता तिमिल्सिना | कार्यालय सहयोगी (३) |
| २८२ | श्री शम्भू थापामगर | कार्यालय सहयोगी (३) |
| २८३ | श्री महेन्द्रबहादुर दाहाल | कार्यालय सहयोगी (३) |
| २८४ | श्री दशबहादुर श्रेष्ठ | कार्यालय सहयोगी (३) |

घ **नेपाल टेलिभिजनबाट प्रदान गरिने सेवाः-** टेलिभिजन प्रसारणको माध्यमद्वारा जनतालाई सूसुचित गर्ने, शिक्षित गर्ने, सकारात्मक परिवर्तनका लागि उत्प्रेरित गर्ने र मनोरञ्जन दिने

ङ **नेपाल टेलिभिजनको शाखा/ महाशाखा र जिम्मेवार अधिकारी**

श्री अपरेशन महाशाखा, निर्देशक -रामेश्वर शुक्ल
श्री समाचार महाशाखा, निर्देशक -मनोहरि थापा
श्री इन्जिनियरिङ महाशाखा, निर्देशक -चिन्तामणि बराल
श्री योजना,अनुसन्धान तथा अ.स. महाशाखा निर्देशक - सुरज थापा
श्री व्यापार महाशाखा, निर्देशक -राजकुमार थापा
श्री प्रशासन महाशाखा, प्रमुख -पुरुषोत्तम महर्जन
श्री कार्यक्रम महाशाखा ( एन. टि. भि. प्लस) प्रमुख - रविन्द्र घिमिरे
श्री कार्यक्रम महाशाखा (राष्ट्रिय प्रसारण),प्रमुख -डा.टङ्कप्रसाद उप्रेती
श्री आर्थिक प्रशासन महाशाखा, प्रमुख -पवन माण्डव्य
श्री एनटिभी इटहरी च्यानल,सुनसरी, प्रमुख - पुष्पहरि क्याम्पा राई
श्री एनटीभी कोहलपुर च्यानल बाँके, प्रमुख - निराजन खनाल
श्री आन्तरिक लेखा परीक्षण, प्रमुख - सुरेन्द्रबहादुर बस्नेत

## च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः-

## नागरिक वडापत्र (**Citizen Charter**)

| क.सं. | प्रदान गरिने सेवाहरु | आवश्यक पर्ने कागजात | लाग्ने समय | लाग्ने शुल्क | सम्पर्क पदाधिकारी /महाशाखा/शाखा/ कोठा नंबर | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | समाचार संकलन, प्रसारण तथा टक सो कार्यक्रम उत्पादन एवं प्रसारण गर्न | निमन्त्रणा पत्र, टेलिफोन, फ्याक्स,इमेल वा कागजात | अविलम्व | निःशुल्क | प्रमुख, समाचार महाशाखा/ सिफ्ट इन्चार्ज | महाप्रवन्धक | |
| २. | कार्यकम उत्पादन गर्न | आवश्यक विवरण खुलेको निवेदन | सम्झौता अनुसार | नियमानुसार को शुल्क | प्रमुख, कार्यकम/व्यापार महाशाखा/सम्वन्धित शाखा र निर्माता | महाप्रवन्धक | |
| ३. | कार्यकम प्रसारण गर्न | संस्थाबाट कार्यक्रमको विवरण खुलेको निवेदन | ७ दिन | नियमानुसार को शुल्क | प्रमुख, कार्यक्रम महाशाखा /सम्बन्धित शाखा | नायव महाप्रवन्धक (कार्यकम)/ महाप्रवन्धक | |
| ४. | गीत/ भजन **On Air** गर्न | कार्यकम महाशाखाबाट उपलब्ध हुने फारम सहित पेश गर्नु पर्ने | ७ दिन | निःशुल्क | प्रमुख, कार्यकम महाशाखा वा सम्बन्धित शाखा | नायव महाप्रवन्धक (कार्यकम) | |
| ५. | वाह्य संघ/संस्थाका लागि निर्माण हुने कार्यक्रमहरु प्रसारण गर्न | के कस्तो कार्यक्रम निर्माण गर्ने एवं छायाङ्कन स्थल खुलेको पत्र | ३ दिन | निःशुल्क | प्रमुख, कार्यकम महाशाखा र सम्बन्धित शाखा | नायव महाप्रवन्धक (कार्यकम) | |
| ६. | कार्यकम प्रसारण प्रमाणपत्र लिन | कुन कार्यकम, कहिले प्रस ारण भएको हो ? खुलेको पत्र सहितको निवेदन | २ दिन | नियमानुसार | प्रमुख, कार्यकम / व्यापार महाशाखा/ विज्ञापन शाखा | नायव महाप्रवन्धक (प्रशासन) | |
| ७. | दृश्य संग्राहलयबाट दुश्य लिन | कुन दृश्य, कति समयको, माग र प्रयोजन के हो विवरण खुलेको निवेदन | २ दिन | नियमानुसार प्रति मिनेट शुल्क | प्रमुख, कार्यकम महाशाखा र सम्बन्धित शाखा | नायव महाप्रवन्धक (कार्यकम) | |
| ८. | सूचना प्रसारण तथा **Live Notice / Ad notice** | अर्डर लेटर, सूचना तथा प्रसारण योग्य सामग्री | १ दिन | नियमानुसार | प्रमुख, विज्ञापन शाखा/ व्यापार महाशाखा | नायव महाप्रवन्धक (प्रशासन) | |
| ९. | मानिस हराएको सूचना प्रकाशन गर्न | प्रहरी रिपोर्ट फोटो १ थान, | १ दिन | दुईपटक निःशुल्क र थप प्रतिपटक रु. ५६५।- शुल्क लिएर | प्रमुख, व्यापार महाशाखा/विज्ञापन शाखा | नायव महाप्रवन्धक (प्रशासन) | |
| १०. | विज्ञापन प्रसारण गर्न | विज्ञापन अर्डर पत्र, प्रसारण सामग्री तथा प्रसारण अनुमतिपत्र (**Censor**) | १/२ दिन | संस्थानको **Rate Card** अनुसार | प्रमुख, व्यापार महाशाखा/विज्ञापन शाखा | महाप्रवन्धक / कार्यकारी अध्यक्ष | |
| ११. | विज्ञापन प्रसारण प्रमाणपत्र लिन | सम्वन्धित कार्यालय/एजेन्सीको पत्र | १ दिन | निःशुल्क | प्रमुख, विज्ञापन शाखा | प्रमुख, व्यापार महाशाखा/ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | नायव महाप्रवन्धक (प्रशासन) | |
| १२. | एजेन्सी दर्ता गर्न | रु एकलाखको बैंक अफ काठमाडौं मा दाखिलाको सक्कल भौचर कम्पनी/घरेलु दर्ता, प्रबन्धपत्र र नियमावली,प्यान,कर चुक्ता, कालोसूची र बाँकी बक्यौता नरहेको स्वघोषणापत्र र सबै प्रमाणपत्रमा नोटरीबाट प्रमाणितसहित निवेदन | ७ दिन | रु २,०००।- | प्रमुख, व्यापार महाशाखा/विज्ञापन शाखा | महाप्रवन्धक | |
| १३. | एजेन्सी नवीकरण गर्न | कम्पनी/घरेलु दर्ता, प्रबन्धपत्र र नियमावली,प्यान,कर चुक्ता, साझेदारी तथा नाम ठेगाना परिवर्तनभए जानकारी र गत आ.व.को कर चुक्ता प्रमाणपत्र, साझेदारहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सबै प्रमाणपत्रमा नोटरीबाट प्रमाणितसहित निवेदन | ७ दिन | निःशुल्क | प्रमुख, व्यापार महाशाखा/विज्ञापन शाखा | महाप्रवन्धक | |
| १४.. | एजेन्सी खारेज | आधिकारिक निवेदन | ७ दिन | निःशुल्क | प्रमुख, व्यापार महाशाखा/विज्ञापन शाखा | महाप्रवन्धक | |
| १५.. | एजेन्सी पुनः दर्ता | निवेदन, कम्पनी दर्ता/घरेलु दर्ता, प्रबन्धपत्र र नियमावली, भ्याट/प्यान दर्ता,कर चुक्ता, सबै प्रमाणपत्रमा नोटरीबाट प्रमाणित | ७ दिन | रु. १५,०००।- | प्रमुख, व्यापार महाशाखा/विज्ञापन शाखा | महाप्रवन्धक | |
| १६. | संस्थानको कार्यक्रम समय बिक्री, कार्यक्रम प्रायोजन, समाचारमा विज्ञापन प्याकेज बिक्री आदि गर्न | वार्षिक बोलपत्र मार्फत /बाँकी समय वार्ताद्वारा बिक्री निवेदन, कम्पनी दर्ता/घरेलु दर्ता, प्रबन्धपत्र र नियमावली, भ्याट/प्यान दर्ता,कर चुक्ता, सबै प्रमाणपत्रमा नोटरीबाट प्रमाणित | निर्णय पश्चात | वार्षिक बोलपत्र र व्यापार निर्देशिका वमोजिम | प्रमुख, व्यापार महाशाखा/ व्यापार प्रवर्द्धन शाखा | कार्यकारी अध्यक्ष | |
| १७. | प्रत्यक्ष प्रसारण | प्रस्ताव र कार्यक्रम खाका तथा आवश्यक कागजातसहितको निवेदन | निर्णय पश्चात | संस्थानको **Rate Card** अनुसार | प्रमुख, व्यापार महाशाखा/ व्यापार प्रवर्द्धन शाखा | कार्यकारी अध्यक्ष | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८. | इन्टर्नशिप गर्न | - शैक्षिक संस्थाको अनुरोध पत्र<br>- कलेजमा अध्ययनरत रहेको<br>- नागरिकताको प्रतिलिपि | ७ दिन | रु ५,०००।- | प्रमुख, कर्मचारी प्रमुख शाखा,/सम्वन्धित महाशाखा | महाप्रवन्धक | |
| १९. | अवलोकन भ्रमण गर्न | - संस्थाको अनुरोध पत्र<br>- बढीमा ५० जनासम्म<br>- हप्ताको १ दिन शुक्रवार | निवेदन प्राप्त भएको एक हप्ता भित्र | निःशुल्क | प्रमुख, कर्मचारी प्रशासन शखा/प्रसारण शाखा | महाप्रवन्धक | |
| २०. | टेलिभिजन प्रसारण अवरोध भएमा | -टेलिफोन बाट समस्या टिपाउन सकिने | तत्काल | निःशुल्क | प्रमुख, प्रसारण शाखा /इन्जिनियरिङ्ग महाशाखा | नायव महाप्रवन्धक (विकास) | |

नोट. **सेवा प्रवाहका लागि आवश्यक पर्ने कागजात, शुल्क आदि विषयहरु संस्थानको समय समयमा भएका निर्णयानुसार फरक हुनसक्ने हुँदा सोही अनुसार हुने छ।**

छ **निर्णय गर्ने प्रकृया र अधिकारीः** सम्बन्धित शाखा, महाशाखाबाट उठान भएका विषय/टिप्पणीमा तहगत राय पेश गरी संस्थान प्रमुख/सञ्चालक समिति बाट निर्णय लिइने।

ज **निर्णय उपर उजुरी सुन्ने अधिकारी** : संस्थान प्रमुख तथा सञ्चालक समिति ।

झ **सम्पादन गरेको कामको विवरण :- संस्थानको कार्यक्रम तथा प्रगति**

**च्यानलगतरुपमा आ.व. २०७५/०७६ को मुख्य क्रियाकलाप र विषयवस्तुमा सुधारः**

नेपाल टेलिभिजनले आफ्ना सबै च्यानलहरुमा थप कार्यक्रमहरु समेत विषयवस्तुमा सुधार गर्दै आएको छ। प्रमुख कार्यक्रमहरु देहाय बमोजिम रहेको छ।

**नेपाल टेलिभिजन (राष्ट्रिय प्रसारण)**

**कार्तिक महिना**

- सूचना मेरो हक, आजको विज्ञान, न्यायमा पहुँच कार्यक्रमहरु निर्माण तथा प्रसारण भए।
- अन्य कार्यक्रमहरु पनि निरन्तर प्रसारण भए।

**मंसिर महिना**

- यो महिनाबाट हाम्रो उच्च शिक्षा नामक नयाँ कार्यक्रम उत्पादन र प्रसारण शुरु भयो। यो कार्यक्रम विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा निर्माण भइरहेको छ। कोरोना भाइरसका कारण उत्पादन तथा प्रसारण रोकिएको चिल्ड्रेन्स क्लब कार्यक्रम पनि प्रसारण शुरु भएको छ।
- कोरोना भाइरसका कारण उत्पादन तथा प्रसारण रोकिएको चिल्ड्रेन्स क्लब कार्यक्रम प्रसारण शुरु भएको छ। प्रविधिको प्रयोग गरी यो कार्यक्रमका प्रस्तोता र अतिथिहरु सबै आ-आफ्नै घरमा नै बसेर कार्यक्रम उत्पादन गरी प्रसारण गरिएको छ।
- अन्य कार्यक्रमहरु पनि निरन्तर प्रसारण भए।

**<u>पुष महिना</u>**

- यो महिनाबाट शिक्षाको चौतारी नामक नयाँ कार्यक्रम उत्पादन र प्रसारण शुरु भयो । यो कार्यक्रम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा मानव स्रोत विकास केन्द्रको सहकार्यमा निर्माण भइरहेको छ ।
- अन्य कार्यक्रमहरु पनि निरन्तर प्रसारण भए ।

**एनटीभी प्लस**

स्थापनाकाल देखिनै **स्वस्थ्य मनोरञ्जन, खेलकुद र युवा** चासोका विषयवस्तुलाई प्राथमिकता दिदै आएको यो च्यानलले आफ्ना प्रसारणमा कतिपय सामाजिक रुपान्तरण, जनचेतना विस्तार एवं लोककला संस्कृति, नेपाली मौलिक सम्पदा तथा धरोहरहरुबारे जानकारी गराउने र संरक्षण र जनचासो जगाउने खालका सामग्रीहरुलाई पनि समावेश गर्दै आएको छ ।

यो च्यानलबाट दैनिक डेढ घण्टा प्रसारण हुने दर्शकसँग प्रत्यक्ष कुराकानीमा आधारित **आधुनिक पप संगीतको मनोरञ्जनात्मक कार्यक्रम** वर्तमान युवा पुस्ताले धेरै रुचाउने कार्यक्रम बनेको छ । यसैगरी लोक संगीतका पारखीहरुको लागि च्यानलले यसै वर्षदेखि उत्पादन प्रसारण सुरु गरेको **लोकदोहोरी** कार्यक्रममा पनि दर्शकको आकर्षण दिनदिनै बढदै भएको छ । चलचित्र संगीतक्षेत्रका प्रतिभाहरुको कार्यक्रम Biscope NTV PLUS पनि च्यानलले केहि समय अघिदेखि सुरु गरेको छ । आन्तरिक उत्पादनका कार्यक्रमहरुमध्ये सौन्दर्य सम्बन्धी साप्ताहिक कार्यक्रम Beauty pageant Journey प्रारम्भ भएको छ भने सांगीतिक कार्यक्रम सुरसाधनाको उत्पादन अन्तिमचरणमा पुगेको छ ।

च्यानलको प्राथमिकताको विषय खेलकुद क्षेत्रमा साप्ताहिक Sports Info नामक कार्यक्रमले कुनै खेल विशेष बारे विस्तृत जानकारी गराउँदछ भने सातामा ५ दिन विश्वका खेल गतिविधिहरुको कार्यक्रम World Sports प्रसारण हुने गरेको छ । खेलकूद क्षेत्रको साप्ताहिक गतिविधिहरुको कार्यक्रम Sports Corner पनि चालु आ.ब. को उत्तरार्धमा उत्पादन प्रसारण हुन थालेको छ ।

कृषिक्षेत्रका अनुसन्धान एवं विभिन्न प्रविधिहरुको प्रयोग बारे जानकारी गराउने कार्यक्रम कृषि अनुसन्धान परिषदसँगको सहकार्यमा साप्ताहिक प्रसारण हुदै आएको छ भने यूवा प्रतिभाको चिनारी एवं तिनका प्रयास र उपलब्धीहरु बारे जानकारी गराउने कार्यक्रम पनि साप्ताहिक रुपमा प्रसारण हुन्छ ।

बालबालिकाको सहभागितामा विभिन्न स्थानको भ्रमण गराउने विशेष स्थानको परिचय गराउने बाल कार्यक्रम हिड्दा हिड्दै पनि साप्ताहिक रुपमा प्रसारण हुन्छ । साथै यो च्यानलबाट VOA ले उत्पादन गरेको अंग्रेजी भाषा सिकाउने कार्यक्रम पनि साप्ताहिक रुपमा प्रसारण हुन्छ ।

आन्तरिक उत्पादनका कार्यक्रम बाहेक च्यानलबाट संस्थानको नियमानुसार बोलपत्र मार्फत बिकि भएको स्लटमा बाह्य निर्माता वा संस्थाले उत्पादन गरी ल्याएका कार्यक्रमहरु प्रसारण हुने गर्दछ । बोलपत्र मार्फत बिकि हुन नसकेका कुनै खालि समय स्लटमा बाह्य निर्माताले ल्याउने जानकारीमूलक वृत्तचित्रहरु पनि संस्थानको नियमानुसार शुल्क लीइ प्रसारण गर्ने गरिएको छ ।

## एनटीभी न्युज

### १) समाचार

एनटिभी न्युज च्यानलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका घटनाहरुलाई प्राथमिकताका साथ प्रसारण गर्ने गरिएको छ । त्यस्ता समाचार प्रसारण गर्दा आधिकारिता तथा विश्वसनियतालाई जोड दिने गरिएको छ । नेपाल सरकारका महत्वपूर्ण कार्यहरु समाचारका प्राथमिकतामा पर्दछन् । यसैगरी जनसरोकारका विषयबस्तु प्रमुख प्राथमिकतामा पर्ने गरेका छन् । केन्द्रीय कार्यालयको रिपोर्टिङ टिमका साथ साथै बिभिन्न जिल्लामा भएका स्थानीय समाचारदाताहरु मार्फत यस्ता समाचार संकलन गर्ने गरिएको छ। बर्षभरि घटेका महत्वपूर्ण घटना समाचारका बिषयबस्तु बनेका छन् । बारा र पर्साको हावा हुरी पीडितहरुको ब्याथा होस् वा ताप्लेजुङमा भएको हेलिकप्टर वा अन्य स्थानमा भएका बिभिन्न दुर्घटना प्रमुखताका साथ समाचार बनेका छन् । सरकारले शुरु गरेको स्वरोजगार कार्यक्रम, जेष्ठ नागरिककालागि शुरु गरिएको बिमा कार्यक्रमका साथै अन्य महत्वपूर्ण कार्यक्रम एंव बिभिन्न प्रदेश तथा स्थानीय गतिबिधि पनि समाचारका प्राथमिकतामा परेका छन् ।

यसबर्ष सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूले गर्नु भएको चीन, कतार, पोल्याण्ड, अमेरिका आदि मुलुकको भ्रमणको समाचार संकलन गर्न यो च्यानलको प्रतिनिधि ती मुलुकमा गएका थिए । यसैगरी सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको अमेरिका, स्वीजरल्याण्ड, चीन, भियतनाम, कम्बोडिया लगायतका मुलुकको भ्रमणको समाचार संकलनमा पनि टोली पठाइएको थियो । भ्रमण टोलीमा संलग्न समाचार टोलीले पठाएका समाचार विशेष प्राथमिकताका साथ प्रसारण गरिनुका साथै टोली भ्रमणबाट फर्के पछि विशेष प्याकेजका रुपमा समेत कार्यक्रम निर्माण गरी उच्च प्राथमिकताका साथ प्रसारण गरिएको थियो।

### समाचार बुलेटिन

- हाल दिनहुँ प्रत्यक्ष प्रसारण हुदै आएका समाचार बुलेटिनहरुः **कूल १६ वटा**
    - जसमध्ये नेपाली समाचार बुलेटिन . **१२ वटा**
    - अग्रेजी भाषामा समाचार बुलेटिन . **४ वटा**
    - राती १ बजे ३ बजे र ५ बजे समाचार पुन प्रसारण गर्ने गरिएको।
    - **संस्कृत भाषामा समाचार** साप्ताहिक रुपमा प्रसारण हुंदै आएका
    - **सांकेतिक भाषामा समाचार** साप्ताहिक रुपमा प्रसारण हुंदै आएको ।

### नियमित कार्यक्रमहरु

### १) पत्रपत्रिका

प्रत्येक दिन बिहान प्रकाशित बिभिन्न पत्रपत्रिका प्रस्तुत गरिने यो कार्यक्रम जानकारीमूलक हुनुकासाथै लोकप्रियताको दृष्टिले पनि महत्वपूर्ण मानिएको छ ।

### २) बैदिक ज्ञान बिज्ञान

ज्योतिष शास्त्र सम्बन्धी यो कार्यक्रम पनि लोकप्रिय कार्यक्रमहरुमा पर्दछ । यो कार्यक्रम हप्ताको ३ पटक प्रसारण हुंदै आइरहेको छ ।

### ३) विश्व घटना

नेपाल टेलिभिजनको पुरानो कार्यक्रममा विश्व घटना पनि पर्दछ । परिवर्तित सन्दर्भमा नयां ढांचामा तयार पार्ने गरिएको यो कार्यक्रममा विश्वमा घटेका ताजा घटनाहरु बारे जानकारी दिने गरिएको छ । यो कार्यक्रम पनि लोकप्रिय कार्यक्रममा पर्दछ ।

### ४) बिभिन्न टक शोहरु

समाचार महाशाखाबाट हरेक दिन दिउँसो साढे १२ बजे बिभिन्न समसामयिक बिषयमा आधारित टक शो को प्रत्यक्ष प्रसारण गर्ने गरिएको छ । जसमा आईतवार **समाज र संस्कृति**, सोमवार **शिक्षा विवेचना**, मंगलवार **समसामयिक वार्ता**, बुधबार **विशेष विषय**, बिहीवार **आवाज**, शुक्रवार **गन्तब्य नेपाल** र शनिवार **यो साता** नामक टक शोहरु प्रसारण हुदै आएका छन् । यसैगरी साँझ प्रसारण हुने टक शोहरुमा सोमवार **समयचक्र,** मंगलवार **टक टाईम** र बिहीबार **जिज्ञासा** रहेका छन । यसैगरी बेलाबखत **अग्रेंजी भाषामा पनि टक शो** संचालन गर्ने गरिएको छ । विशेष गरी बिदेशीहरुलाई लक्षित गरी संचालन गरिएको त्यस्ता टक शोमा पछिल्लो पटक माननीय अर्थमन्त्री डा. युवराज खतिवडा, अमेरिकी राजदुत, विश्व जनसंख्या कोषका प्रतिनिधि सहभागी हुनुहुन्थ्यो ।

## एनटीभी कोहलपुर

### प्रदेश र स्थानीय सरकारसंगको सहकार्य

एनटिभी कोहलपुरले प्रदेश सरकारहरुका आवश्यकताका आधारमा विभिन्न कार्यक्रम निर्माण र प्रसारण गरिरहेको छ भने आगामी दिनमा यो प्रकृयालाई थप घनिभुत बनाउँदै लैजाने योजना बनाएको छ । यस अन्तर्गत प्रदेशवासी नागरिक र प्रदेश सरकारको सम्बन्धसेतुको निर्माण गर्ने उदेश्यले एनटिभी कोहलपुर र प्रदेश सरकारका बीच सम्झौता भई विभिन्न कार्यक्रमहरु उत्पादन तथा प्रसारण भैरहेका छन् । लुम्बिनी प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र सुदूरपश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयसंगको सहकार्यमा एनटिभी कोहलपुरले विभिन्न कार्यक्रम उत्पादन गरी प्रसारण गरिरहेको छ ।

यसैगरी ३ वटा प्रदेशभित्रका विभिन्न स्थानीय तहहरु पनि एनटिभी कोहलपुरसंग आबध्द भएका छन् । चालू आर्थिक वर्षको ६ महिना सम्ममा १४ वटा स्थानीय तहसंगको सहकार्यमा एनटिभी कोहलपुरले उनीहरुकै आबश्यकताका आधारमा विभिन्न कार्यक्रमहरु उत्पादन गरी प्रसारण गरिरहेको छ ।

लुम्बिनी प्रदेश मिनि नेपाल हो । यसका आफ्नै मौलिक विशषेता हुनुका साथै शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी, तिलौराकोट तथा थुप्रै बुद्धकालीन ऐतिहासिक र सांस्कृतिक महत्वका सम्पदाहरू यसै प्रदेशमा पर्दछन । एसियाकै ठूलो दाङ उपत्यका यो प्रदेशमा पर्दछ । कर्णाली एउटा सभ्यता हो । ठूला ठूला शहरहरुको मानव सभ्यताको विकास नदी संग जोडीएको हुन्छ । नेपालको पुरानो सभ्यता कर्णाली हो र यो कर्णाली नदी संग जोडीएको छ । सुदूरपश्चिमको सौन्दर्य आफैंमा अलौकिक छ । खप्तडका पाटनदेखि साइपाल चुचुरोसम्म चुलिएको प्राकृतिक सुन्दरताले जो–कसैको मन लोभ्याउँछ । यि सबैको साक्षी हो एनटिभी कोहलपुर । प्रदेश सरकारहरुसंग सहकार्य गर्दै एनटिभी कोहलपुरले स्थानीय तहसंग पनि निकट रहेर काम गरिरहेको छ । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकारको समेत रोजाइमा एनटिभी कोहलपुर परेपछि जनताको सबैभन्दा नजिकको टेलिभिजनका रुपमा एनटिभी कोहलपुर स्थापित भएको छ ।

**निजि क्षेत्रको रोजाइ**

पछिल्लो समय एनटिभी कोहलपुर निजि क्षेत्रको रोजाइमा समेत पर्न थालेको छ । एनटिभी कोहलपुरमा विभिन्न विज्ञापन एजेन्सी दर्ता भएर समय खरीद गरी कार्यक्रम सञ्चालन गरिरहेका छन् । केन्द्रीय कार्यालयमा दर्ता भएका विज्ञापन एजेन्सीले समेत एनटिभी कोहलपुरबाट विज्ञापन प्रसारण गरिरहेका छन् । तिहार पर्वको अवसरमा एनटिभी कोहलपुरले लक्ष्मीपूजाको दिन तिहार विशेष कार्यक्रम देउसी भैलो आयोजना गर्‍यो । यसको सफलता पनि निजि क्षेत्रसंगको सहकार्य र विश्वासको परिणाम थियो । कोभिड-१९ को महामारीका कारण ठूलो चुनौतिको सामना गरिरहेका बेला यसपटक सार्वजनिक रुपमा देउसी भैलो खेल्न सक्ने परिस्थिति थिएन । त्यसैले यो अवस्थामा समस्त दर्शकहरुलाई घरमै बसेर देउसी भैलोको आनन्द दिदै पश्चिम नेपालको लोक संस्कृतिको शंरक्षण गर्ने उद्देश्यले चेतनामूलक देउसी भैलो आयोजना गरिएको हो । कार्यक्रममा बिभिन्न कलाकार तथा कलाकारहरुको समूहले श्रृंगारु, टप्पा, देउडा, मयुर, लहरे पैसेरु लगायतका नृत्य प्रस्तुत गरेका थिए । लुम्बिनी, कर्णाली र सुदूरपश्चिमको संस्कृति झल्कने दुई घण्टाको सांस्कृतिक प्रस्तुतिले दर्शकहरुलाई भरपुर मनोरञ्जन त दियो नै संगसंगै यो कार्यक्रम विज्ञापनदाताहरुको रोजाइमा पर्न पनि सफल भयो ।

**कार्यक्रममा विविधता**

एनटिभी कोहलपुर चालू आर्थिक वर्षको यो अबधी सम्म आइपुग्दा दैनिक ७ घण्टा उत्पादन गर्न सफल भएको छ । दिउसो ३ र ५ तथा साँझ ७ बजे गरी दैनिक ३ वटा समाचार बुलेटिनहरु प्रसारण भैरहेका छन् भने बिहान ६ बजेदेखि ९ बजे सम्म दैनिक रुपमा बिहानी शो मर्निङ मिक्स प्रसारण भैरहेको छ । समृध्दिका पाइला, हाम्मा कुडा हाम्मा मुख्यमन्त्री, मेरो किसान मेरो अन्नदाता, सुन्दर सुदूरपश्चिम जस्ता कार्यक्रमहरु प्रदेश सरकारको सहकार्यमा उत्पादन तथा प्रसारण भैरहेका छन् । स्थानीय सरकारसंगको सहकार्यमा १४ वटा कार्यक्रमहरु उत्पादन तथा प्रसारण हुने गरेका छन् । यसैगरी एनटिभी कोहलपुरले आन्तरिक श्रोतबाट विभिन्न कार्यक्रमहरु उत्पादन गरी प्रसारण गरिरहेको छ । थारु भाषाको कार्यक्रम फूलर्‍या, डोटेली भाषाको कार्यक्रम सौराइ सुदूरकी र अबधी भाषाको कार्यक्रम अबध आवाज समावेशी कार्यक्रमका उदाहरणहरु हुन् । यसैगरी कृषि सम्बाद, उद्यम, हेल्थ डेस्क, स्थानीय विकास जस्ता जनचेतनामूलक, विकासमूलक र उत्प्रेणा जगाउने खालका कार्यक्रमहरु पनि एनटिभी कोहलपुरबाट प्रसारण भैरहेका छन् । पाककला सम्बन्धी कार्यक्रम फूड शो र युवा लक्षित मनोरञ्जनात्मक कार्यक्रम हेलो एनटिभी कोहलपुर पनि नियमित रुपमा प्रसारण भैरहेका छन् । कार्यक्रमको विविधताले पनि एनटिभी कोहलपुर पछिल्लो समय दर्शकको रोजाइमा पर्न सफल भएको छ ।

**ब्यापारमा बढोत्तरी**

चालू आर्थिक वर्षको पुष मसान्त सम्म एनटिभी कोहलपुर रु २,६२,४५,९९८/- अक्षरुपी दुई करोड बैसठ्ठी लाख पैतालिस हजार नौ सय अण्ठान्नब्बे रुपैया बराबरको व्यापार गर्न सफल भएको छ । यसमध्ये प्रदेश सरकारहरुसंग १ करोड ६० लाख ६९ हजार ८० रुपैयाको व्यापार भएको छ । स्थानीय सरकारहरुसंग ६८ लाख ६ हजार ४ सय ३७ रुपैयाको सम्झौता भएको छ भने अन्य सरकारी निकायसंग ५ लाख ६४ हजार ५ रुपैयाको सम्झौता भएको छ । यसैगरी विज्ञापन एजेन्सि मार्फत् २६ लाख ७८ हजार ७ सय ८६ रुपैया बराबरको आम्दानी भएको छ । यस्तै अन्य गैरसरकारी संघसंस्था तथा व्यक्ति मार्फत् १ लाख २७ हजार ६ सय ९० रुपैया बराबरको व्यापार भएको छ ।

**प्रविधिको प्रयोग-जनशक्तिको उच्चतम सदुपयोग**

एनटिभी कोहलपुरको आफ्नै युट्युव च्यानल छ र यहाँबाट प्रसारित सबै कार्यक्रमहरु युट्युवमा अपलोड गर्ने गरिएको छ । यस च्यानलबाट प्रसारित सबैजसो कार्यक्रमहरुको फेसबुकबाट लाइभ गर्ने गरिएको छ । एनटिभी कोहलपुरबाट कर्मचारीका लागि जारी गर्ने सूचनादेखि लिएर समाचार तथा कार्यक्रमका सन्दर्भमा हुने रिपोर्टर/क्यामराम्यान/निर्माता सबैको खटनपटन (Assignment) प्रविधिकै प्रयोग गरेरै हुने गरेको छ । सकेसम्म यस्ता काममा पेपरवर्कलाई निरुत्साहित गर्दै लगिएको छ ।

यता जनशक्तिको सवालमा थोरै जनशक्तिबाट पनि धेरै काम लिन सकिन्छ भन्ने कुराको उदाहरण एनटिभी कोहलपुर बनेको छ । काम गर्ने वातावरण (Working Environment) सबैभन्दा ठूलो कुरा हो भन्ने मान्यतालाई मनन् गरी व्यवस्थापन त्यस्तो वातावरण बनाउनतिर सधै क्रियाशिल छ । कर्मचारीहरुप्रति पक्षपातपूर्ण व्यबहार नगरी उत्प्रेरणा पैदा गर्ने काममा एनटिभी कोहलपुर व्यवस्थापन क्रियाशिल हुँदा परिणाम सहज र उपलब्धिमूलक देखिएको छ ।

## योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा

१. योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखाको आयोजनामा महाशाखा प्रमुख, निर्देशक, नायब महाप्रबन्धकहरु, महाप्रबन्धक र कार्यकारी अध्यक्षको उपस्थितिमा आ.व २०७६/७७ को तेस्रो र वार्षिक प्रगति विवरण समीक्षा गरिएको छ ।

२. सजचार तथा सूचना प्रविधि मधत्रालयमा आयोजना गरिएको मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठकमा संस्थानको आ.व.२०७६/७७ को तेस्रो र वार्षिक समीक्षाक लागि विवरण पेश गरिएको छ ।

३. आ.व.२०७७/७८ को लागि कार्यसम्पादन सम्झौताको विवरण तयार गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेश गरेको र मन्त्रालयका सचिव श्री हररप्रसाद बस्याल र नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष डा.महेन्द्र विष्ट बीच कार्यसम्पादन सम्झौता सम्पन्न भएको ।

४. नायब महाप्रबन्धक प्रशासन श्री विष्णुराम न्यौपानेको संयोजन र योजना, अनुसन्धान तथा अन्तराष्ट्रिय सम्बन्ध महाशाखाको सहयोगमा महाशाखा प्रमुख र निर्देशक तथा नायब महाप्रबन्धकबीचमा कार्यकारी अध्यक्षज्यूको मन्त्रालयमा भएको सम्झौता बमोजिम संस्थानभित्र कार्यसम्पादन सम्झौता सम्पन्न गरिएको।

५. यसै गरी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक कार्ययोजना तयार गरी सूचना प्रविधि विभागको वेवसाइटमा अपलोड गरी मासिक प्रगति विवरण पनि अलाइन अपलोड गर्दै आएको छ ।

६. संस्थानको अनलाइन समाचार पोट्रललाई पुनर्संरचना गरी समाचारका लागि nepaltvonline.com र आधिकारिक सूचना प्रवाह गर्न कर्पोरेट साइट ntv.org.np सञ्चालनमा ल्याइएको छ ।

७. योजना, अनुसन्धान संस्थानको चालु आ.व.२०७७/७८ को प्रथम चौमासिक अवधिको प्रगति समीक्षा सम्पन्न गरिएको । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा चौमासिक विवरण पेश भई समीक्षा सम्पन्न भएको ।

८. नेपाल टेलिभिजनको आ.व.२०७६/७७ अवधिको प्रगति पुस्तक तयार गरी नवनियुक्त मन्त्री पार्वत गुरुङज्यूबाट लोकार्पण भएको ।

९. ABU-GA मा Virtual प्रविधिबाट सहभागिता जनाइएको । सहकार्यका विषयमा छलफल भएको।

| क्र.स | कार्यहरु | प्रगतिको स्थिति |
|---|---|---|
| १ | प्रथम चौमासिक आन्तरिक लेखापरीक्षण कार्य | मंसिर मसान्तमा कार्यकारी अध्यक्षज्यू समक्ष पेश |
| २ | दोस्रो चौमासिक अवधिको मंसिर महिनाको लेखापरीक्षण कार्य | लेखापरीक्षण कार्य सम्पन्न गरी लेखन कार्य भइरहेको |

| | | |
|---|---|---|
| ३ | दोस्रो चौमासिक अवधिको पुस महिनाको लेखापरीक्षण कार्य | लेखापरीक्षण कार्य भइरहेको |

## आन्तरिक लेखापरीक्षण

ञ **सूचना अधिकारी र प्रमुखको नाम र पदः-** डा. टंकप्रसाद उप्रेती, प्रमुख, कार्यक्रम महाशाखा

**संस्थान प्रमुख** -डा. महेन्द्र विष्ट, कार्यकारी अध्यक्ष

**महाप्रवन्धक** -श्री गोविन्द रोका

**गुनासो सुन्ने अधिकारीको नाम** - विष्णुराम न्यौपाने/ नायव महाप्रबन्धक (प्रशासन)

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :-**

**१ संचार संस्थान ऐन, २०२८**

**२ राष्ट्रिय प्रसारण ऐन, २०४९**

**३ राष्ट्रिय प्रसारण नियमावली, २०५२**

**४ सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४**

**५ नेपाल टेलिभिजन गठन आदेश राजपत्र, २०४३**

**६ राष्ट्रिय आमसञ्चार नीति, २०७३**

**७ नेपाल टेलिभिजन संस्थान कर्मचारी सेवासर्त (छैठौं संशोधन) विनियमावली २०६६**

**८ नेपाल टेलिभिजन आर्थिक विनियमावली, २०६६**

**९ ब्यापार निर्देशिका २०६१ छैठौं संशोधन, २०७४**

१०   नेपाल टेलिभिजन संस्थान कार्यक्रम निर्देशिका, २०७३

११   कार्यक्रम उत्पादन तथा खर्चको मापदण्ड (शंसोधित २०७६)

१२   नेपाल टेलिभिजनका समाचार वाचक र कार्यक्रम प्रस्तोताको लागि ड्रेस कोड, २०७५

१३   नेपाल टेलिभिजन समाचार निर्देशिका, २०७५

१४   नेपाल टेलिभिजन बैदेशिक भ्रमण ब्यवस्थापन कार्यविधि, २०७५

**ठ   आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :-**

**आ. व. ०७७/७८**

**<u>आम्दानी तर्फ</u>**

जम्मा आम्दनी रकम:- रु.२२,६३,०५,७२४।२४

कुल सम्झौता रकम :- रु ५४,२०,६४,१९७६१

**ड   तोकिए बमोजिमका अन्य विवरण :-   x**

**<u>सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशन गर्नु पर्ने अतिरिक्त सूचनाको विवरण</u>**

क   अघिल्लो आर्थिक बर्षमा नेपाल टेलिभिजन संस्थानले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:-χ

ख   नेपाल टेलिभिजन संस्थानको वेभसाईट भए सोको विवरण:- www.ntv.org.np

(ख१) नेपाल टेलिभिजन संस्थानले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझोता सम्बन्धी विवरण :- χ

(ख२) नेपाल टेलिभिजन संस्थानले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :-

(ख३) नेपाल टेलिभिजन संस्थानले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकीएको   समयावधि:-

(ख४) नेपाल टेलिभिजन संस्थानमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः-

**नेपाल टेलिभिजनका सुचना अधिकारी संग फोनबाट माग गरिएका सुचनाहरुको विवरणः**

| क्र सं | सूचना माग गरिएको विषय | सूचना माग गरिएको प्रकृति | संख्या | माग भएको स्थान/ माध्यम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यक्रम सम्बन्धी | प्रसारण समय र हास्य कार्यक्रम र बृत्तचित्र प्रसारण | १३ वटा | फोन मार्फत माग भएको | |
| २ | समाचार सम्बन्धी | सम्पर्क नम्बर | ५ वटा | फोन मार्फत | |
| ३ | ब्यापार सम्बन्धी | रेटकार्ड सम्बन्धी | ४ वटा | फोन मार्फत | |
| ४ | ईन्जिनियरिङ सम्बन्धी | डिजीटल टिभी हेर्ने तरीका बारे | ५ वटा | फोन मार्फत | |
| ५ | परीक्षा सम्बन्धी | स्थगित परीक्षा सञ्चालन बारे | १०० | फोन मार्फत् | |
| ६ | कर्मचारीको सम्पर्क नं. | सम्बन्धीत शाखा/ महाशाखा प्रमुख | ५ वटा | फोन मार्फत | |
| | | **जम्मा** | **१३२** | | |

**ग नेपाल टेलिभिजन संस्थानका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः-** मासिक प्रगति विवरणसम्बन्धी इबुलेटिन प्रकाशन हुने गरेको छ ।